**लक्ष्य हस्पिटालिटी एण्ड टुरिजम लिमिटेडको**
**चौथो वार्षिक साधारणसभा सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/११**

यस कम्पनीको मिति २०८२/०८/०५ गते शुक्रबार बसेको सञ्चालक समितिको ४३औं बैठकको निर्णय अनुसार कम्पनीको चौथो वार्षिक साधारणसभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि २०८२/०९/१२ गते शनिबार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय:**
मिति : २०८२ साल पुस १२ गते, शनिबार (तदनुसार २७ डिसेम्बर २०२५)
स्थान : ललितपुर पार्टी प्यालेस, सातदोबाटो, ललितपुर
समय : बिहान ८:०० बजे देखि ।

**छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरु**
(१) आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको प्रस्तुत र प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
(२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाद ३२, २०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु छलफल गरि स्वीकृत गर्ने सम्बन्धमा ।
(३) आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ति तथा निजको परिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
(४) संचालक समितिको निर्वाचन र पद हस्तान्तरण गर्ने सम्बन्धमा ।
(५) विविध ।

**साधारणसभा सम्बन्धी सामान्य जानकारी**

१) २०८२ पुस ११ गते सम्म श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट शेयरलगत प्रमाणित भै कायम रहेका शेयरधनीहरु मात्र साधारणसभामा उपस्थितिका लागि योग्य हुनेछन् ।

२) प्रोक्सी दिन चाहने शेयरधनी महानुभावहरुले कम्पनीको वेवसाईट www.lakshyashare.com मा कम्पनीले शेयरधनीहरुलाई उपलब्ध गराएको १३ अंकको आवेदन नम्बरबाट प्रोक्सी फारम डाउनलोड गरेर सम्प्पूर्ण सूचनाहरु भरी contact@lakshyashare.com मा इमेल वा +९७७-९८०१०२५६२७ मा व्हाट्सएप (WhatsApp) तथा भाइबर (Viber) को माध्यमबाट साधारणसभा सुरु हुनुभन्दा २४ घण्टा पहिले अर्थात् मिति २०८२/०९/११ गते बिहान १०:०० बजेसम्म ईमेल वा व्हाट्सएप (WhatsApp) तथा भाइबर (Viber) गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ । कुनै कारणबश कुनै शेयरधनीले प्रोक्सी दिई आफै उपस्थित भएमा निजको प्रोक्सी रद्द हुनेछ ।

३) एक भन्दा बढी व्यक्तिहरुको नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

४) कुनै शेयरधनी महानुभावले छदफलका विषयहरु मध्ये विविध शिर्षक अर्न्तगत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी प्रचलित कानुन अनुसार सचिव/कर्मचारी मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारणसभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव, लक्ष्य हस्पिटालिटी एण्ड टुरिजम लिमिटेड**
**ललितपुर म.न.पा. वडा नं. १५, सातदोबाटो, ललितपुर, फोन ५४०२७७७**
**Email: contact@lakshyashare.com, URL: www.lakshyashare.com**